आज मिति २०७८ जेठ २३ गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो।

## उपस्थिति

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख श्री चेसराम आले, जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री शारदा भक्त माटांगुलु, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण, हात्तिखोर

प्र.उ. प्रकाश मल्ल , जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

स.प्र.ना.उ. श्री विर भद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

जि.स.अ.श्री देवी प्रसाद आचार्य, जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

प्र.प्र.अ. श्री रमेश घर्ती, कावासोती नगरपालिका, नवलपरासी (व.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, न.प. (ब.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

कार्यालय प्रमुख श्री कृष्णचन्द्र पोखेल, शिक्षा विकास तथा समन्वय ईकाइ, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

सभापति श्री मदनभक्त अधिकारी, नेपाल रेडक्रस सोसाइटी उपशाखा कावासोती नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री कमल नारायण श्रेष्ठ नेपाल औषधि व्यवसाय संघ, नवलपरासी (व.सु.पू.)

प्रतिनिधि श्री शारदा पाण्डे, गैर सरकारी संस्था महासंघ जिल्ला शाखा, नवलपरासी (व.सु.पू.)

क.अ. श्री तारा देवी अर्याल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

उर्मिला भुसाल उपसभापति ने.रे.क्र. सोसाइटी नवलपरासी वर्दघाट डि.पू.

वेदप्रसाद न्यौपाने सभापति ने.रे.सो. उपशाखा कावासोती न.प. (वसुपू)

**निर्णय नं. १ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ यस जिल्लामा समेत तिब्र रुपमा फैलदै गैरहेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०२।२४ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम न्यून भई नसकेकोले सो निषेधाज्ञालाई निरन्तरता दिदै मिति २०७८।०२।२४ गते सोमबार रातको १२:०० बजे देखि मिति २०७८।०२।३१ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

मिति २०७७।०७।१८ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुख श्री चेसराम आले मगरको अध्यक्षतामा बसेको बैठकको निर्णय नं. ४ अनुसार नेपाल रेडक्रस सोसाइटी नवलपुर रक्तसंचार केन्द्र संचालन तथा व्यवस्थापनका लागि प्रत्येक वर्ष यस जिल्लाका प्रत्येक पालिकाहरुलाई आर्थिक सहयोगका लागि अनुरोध गरिएकोमा हालसम्म कावासोती नगरपालिकाबाट रु १ लाख प्राप्त भएको र अन्य पालिकाबाट रकम प्राप्त नभएको सन्दर्भमा आगामी आ.ब.को बजेटमा प्रत्येक नगरपालिकाले रु १ लाख र प्रत्येक गाउँपालिकाबाट रु ५० हजार रक्त संचार केन्द्रको व्यवस्थापनको लागि सहयोग गरी दिनु हुन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०२।१३ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। सबै पालिकाहरुले रोगको प्रकोप बढी भएका वडाहरुमा Antigen test बढाइ रहेकोमा पहाडीभेगमा लक्षण नभएका बिरामी देखिएको, जिल्लाको तल्लो भेगमा संक्रमण दर घटेको देखियो भने पहाडी ग्रामिण भेगमा संक्रमण कम नभएको पाइयो। स्थानीय तहको आइसोलेसनको अवस्था र व्यवस्थापन सन्तोषजनक रहेको, होम आइसोलेसनमा रहेकाहरुलाई होम भिजिट बढाउने असल अभ्यास सुरु भएको छ। जिल्लामा कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारको अवस्था सन्तोषजनक रहेको र समग्रमा मृत्युदर केही घटेको देखिएको छ।

२०७८।०२।२३